आज मिति २०७७ साल भाद्र २८ गतेको दिनको ११:०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ ।

उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री: धीरज शर्मा बस्याल प्रमुख | प्रमुख |
| २. | | श्री: मायादेवी पौडेल उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री: मोतिलाल सुनार वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्री: दया दर्लामी वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्री: रविन्द्रविक्रम हमाल वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्री: रेश्मीराज भट्टराई वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्री: रोहीत थारु वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्री: ध्रुव थारु वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्री: कविराज आचार्य वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्री: चन्द्रकान्त चापागाई वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्री: राजु मिश्र वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्री: तीर्थराज फौज्दार वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्री: मानबहादुर मल्ल वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्री: ~~नर बहादुर चौधरी~~ रक्षकराज पाण्डेय वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्री: केशवबहादुर खत्री क्षेत्री वडाध्यक्ष, वडा नं. १४ | सदस्य |

| | | | |
|---|---|---|---|
| १७ | | श्रीः बलबहादुर बलाल वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १८. | | श्रीः सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्रीः ईशा सुनार | सदस्य |
| २०. | | श्रीः अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्रीः बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्रीः प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्रीः वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्रीः लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्रीः लुकुडी चमार | सदस्य |
| २७. | | श्रीः मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८ | | श्री इन्द्र वहादुर कुँवर | उपसचिब |
| २९. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| ३०. | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३१ | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३२ | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| | | | |

प्रस्तावहरु :-

१. पर्यटन मन्त्रालययमा योजना प्रस्ताव गर्ने सम्बन्धमा

२. स्वास्थ्य निर्देशनालयमा योजना प्रस्ताव गर्ने सम्बन्धमा

३. गंगटी खोला र खजुरी खोलाको आय ठेक्का सम्बन्धमा

४. बर्दघाट नगरपालिकाको कृषक पहिचान तथा वर्गिकरण कार्यविधि, २०७७

५. बर्दघाट नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक परीक्षण कार्यविधि, २०७७

६. विविध

निर्णयहरू:

नि.नं १:

नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी गर्न आयोजना/ कार्यक्रमहरू माग गर्ने सम्बन्धी मिति ०७७/५/२ मा प्रकाशित सूचना अनुसार पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी (सञ्चालन तथा व्यवस्थापन निर्देशिका), २०७७ मा उल्लिखित आयोजना प्रस्तावका क्षेत्र अन्तरगत रही देहायबमोजिमको आयोजना प्रस्ताव गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | योजना स्थल | संस्कृति तथा पर्यटन मन्त्रालय संग माग गर्ने रू | नगरपालिकाबाट साझेदारी रू | जम्मा अनुमानित लागत अनुमान रू |
|---|---|---|---|---|---|
| १ | वाढीपिडित वरूवा जाने बाटो हुँदै कञ्चनगढी सम्म पुग्ने कालोपत्रे बाटो निर्माण | बर्दघाट –५ | १६३६६,०५०।७ | ८८,१२,४८८।८३ | २५,१७,८५३८।५२ |
| २ | कञ्चनगढी पर्यटकीय क्षेत्रमा स्वीकृत लागत अनुमान बमोजिमका विभिन्न संरचना निर्माण | बर्दघाट –५ | २,८७,०१,५२०।१० | १,५८,८३,१२६।२ | ४,५६,८४,६४६। |

नि.नं २: ५ नं प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तरगत स्वास्थ्य निर्देशनालयबाट पूर्वाधार निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी मिति ०७७/५/१३ मा प्रकाशित सूचना अनुसार प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूको पूर्वाधार निर्माण सहयोग कार्यक्रम अन्तरगत सम्बन्धित स्वास्थ्य व्यवस्थापन समितिबाट भएको सिफारिस समेतको आधारमा यस नगरपालिका अन्तरगतका देहायका स्वास्थ्य संस्थाहरूको लागि आवश्यक पूर्वाधार संरचना निर्माण गर्न बजेट मागको लागि सिफारिस पेश गर्ने र प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूको पूर्वाधार निर्माण सहयोग कार्यक्रम सञ्चालन कार्यविधि बमोजिम कूल लागतको २५ प्रतिशत रकम नगरपालिकाबाट ब्यहोर्ने प्रतिवद्दता समेत गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | योजना स्थल | प्रदेश स्वास्थ्य निर्देशनालय संग माग गर्ने रू | नगरपालिकाबाट साझेदारी रू | जम्मा अनुमानित लागत अनुमान |
|---|---|---|---|---|---|

| | | | | | रू |
|---|---|---|---|---|---|
| १ | माकर स्वास्थ्य चौकी भवन मर्मत, चर्पी तथा तालिम हल निर्माण | बर्दघाट–५ | ३८,००,०००।– | ९,५०,०००।– | ४७,५०,०००।– |
| २ | दाउन्नेदेवी स्वास्थ्य चौकीको वर्थिङ्ग सेन्टर सहितको नयाँ भवन निर्माण | बर्दघाट–१४ | ३८,००,०००।– | ९,५०,०००।– | ४७,५०,०००।– |
| ३ | स्वास्थ्य चौकीको वर्थिङ्ग सेन्टर, ल्याव निर्माण, कर्मचारी आवास तथा शौचालय निर्माण | बर्दघाट–१२ | ३८,००,०००।– | ९,५०,०००।– | ४७,५०,०००।– |

नि.नं ३ः यस नगरपालिका अर्न्तगत रहेको खजुरा खोला वडा नं १४, ५ र १६ अन्तरगतको विभिन्न स्थानबाट गत आ.व. ०७६/७७ मा नदिजन्य पदार्थको उत्खनन्/सँकलनको लागि पुष्पाञ्जली कन्स्ट्रक्सन एण्ड सप्लायर्स, काठमाण्डौ- १४ लाई र गंगटी खोला वडा नं २ अन्तरगतको विभिन्न स्थानबाट नदिजन्य पदार्थको उत्खनन्/सँकलनको लागि नवप्रतिभा कन्स्ट्रक्सन, शिवमन्दिर- ३ लाई ठेक्का दिइएको । उपरोक्तमा उल्लिखित दुवै ब्यावसायीले ठेक्का सम्झौता बमोजिम बुझाउनु पर्ने दोश्रो तथा अन्तिम किस्ता बापतको रकम यस कार्यालयलाई समयमा दाखिला गर्नु पर्नेमा कोभिड–१९ को कारण देशमा विद्यमान बन्दाबन्दीको अवस्थाको कारण जनाई सम्झौता बमोजिमको परिमाणमा नदिजन्य पदार्थ उत्खनन्/संकलन र निकाशी गर्न तथा राजश्व सँकलनमा समेत समस्या परेकोले सम्झौता बमोजिमको रकम दाखिला गर्न नसकेको हुँदा बुझाउनु पर्ने राजश्वमा छुट पाउनको लागि गत आ.व मै निवेदन दिएको अवस्था रहेको छ । यस सन्दर्भमा ब्यावसायीलाई राजश्व रकम छुट दिने सम्बन्धमा केन्द्रिय स्तरबाट स्पष्ट निर्देशन तथा कानुनी ब्यवस्थाको अभावमा सो बमोजिमको निर्णय भै नसकेको अवस्था रहेको छ । साथै सम्बन्धित ब्यावसायीबाट समेत रकम फिर्ताको निर्णय नभएसम्म उक्त ठेक्का प्रयोजनको लागि राखेको वैंक ग्यारन्टी जफतको प्रक्रिया समेत स्थगत गर्न विभिन्न मितिमा कार्यालयमा अनुरोध गर्दै आएको अवस्था रहेको छ । अतः चालु आ.व.मा उपरोक्त खोलाहरूको IEE प्रतिवेदन तयार गरी विगत आ.व. ०७६/०७७ मा भएको बन्दाबन्दीको समयावधि र गत वर्षको सम्झौता तथा IEE प्रतिवेदन समेतको आधारमा सम्बन्धित ब्यावसायीहरूले नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा निकाशी गर्न पाउने कार्य (दिन) अवधि र परिमाण के कति हो, त्यसको प्राविधिक विश्लेषण गरी आउने परिमाण (Quantity) बराबरको नदिजन्य पदार्थको स्टक प्रमाणित गरे पश्चात मात्र तोकिएको परिमाण ( Quantity) विक्रि वितरण गर्न पाउने ब्यवस्था मिलाउने, तत्काल वैंक ग्यारन्टी जफतको प्रक्रिया स्थगत गर्न सम्बन्धित वैंकलाई पत्राचार गर्ने र उक्त ठेक्का प्रयोजनको लागि राखेको वैंक ग्यारन्टीको अवधि २०७७ पौष मसान्त मसान्त सम्म अद्यावधिक गर्न सम्बन्धीत कम्पनीहरूलाई पत्राचार गर्ने निर्णय गरियो ।

नि.नं ४ः

बर्दघाट नगरपालिकाको कृषक पहिचान तथा वर्गिकरण कार्यविधि, २०७७ परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ५ः

बर्दघाट नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ६ः

यस नगरपालिका वडा नं १४ साविक दाउन्नेदेवी गाविसको फिल्डमा रहेको जग्गामा विभिन्न संस संस्थाहरूले भवन निर्माण गरी भोगचलन गर्दै आएकोमा उक्त निर्मीत संरचनाहरूको भाडा दर निर्धारण गर्ने सन्दर्भमा आवश्यक सिफारिस गर्न देहायबमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

१. वडा नं १४ का वडाअध्यक्ष श्री केशव वहादुर खत्री क्षेत्री –संयोजक

२. वडा नं १५ का वडाध्यक्ष श्री बल वहादुर वलाल, – सदस्य

३. वडा नं १६ का वडाध्याक्ष श्री सुक वहादुर गुरुङ्ग – सदस्य

४. वडा नं १४ का वडा सचिव श्री टंक नाथ झवाली –सदस्य सचिव

नि.नं ७ः

आर्थिक वर्ष ०७७/०७८ को वार्षिक नगर विकास योजना सार्वजनिक गर्ने निर्णय गरियो ।